नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
प्रशासन
(..........................................शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np
मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०८०/८१/१/१२
प्राप्त पत्र संख्या:- .................
च.नं.:- 02

मिति : २०८०/०४/०१

**विषय :- आ.व.२०७९/८० को सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।**

**श्री स्थलरुप नापी तथा भूउपयोग व्यवस्थापन महाशाखा, नापी विभाग ।**
**श्री कित्तानापी महाशाखा, नापी विभाग ।**
**श्री खगोल तथा भूमापन महाशाखा, नापी विभाग ।**
**श्री भौगोलिक सूचना पूर्वाधार महाशाखा, नापी विभाग ।**
**श्री नापी कार्यालयहरु, सबै ।**
**श्री विशेष नापी कार्यालयहरु, सबै ।**
**श्री डिजिटल नापी कार्यालय, बनेपा ।**

प्रस्तुत विषयमा आर्थिक बर्ष २०७९/८० को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना तहाँ महाशाखा/कार्यालयहरुमा कार्यरत सबै कर्मचारीहरुलाई जानकारी गराउने प्रयोजनका लागि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ । सेवा करारमा कार्यरत कर्मचारीहरुले आर्थिक बर्ष २०७९/८० को सम्पत्ति विवरण बुझाउदाँ सम्बन्धित कार्यालयको पत्र **(Covering Letter)** सहित कार्यालयको पत्रमा सम्बन्धित कर्मचारीहरुको ( **नाम, पद, श्रेणी, मोबाइल नं.**) समेत खुल्ने गरी हुलाक वा अन्य माध्यम मार्फत तोकिएको समय अवधि भित्र नापी विभागमा उपलब्ध गराई विभागको दर्ता चलानी शाखामा दर्ता गराउनु हुन समेत अनुरोध गरिन्छ ।

4/1

(अनन्तराज लामिछाने)
**शाखा अधिकृत**

**बोधार्थ**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाण्डौं ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा प्रविष्ट गरिदिनुहुन ।

# आ.व. २०७९/८० को सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक स्थायी कर्मचारीहरुको हकमा **आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन** भित्र तोकिएको ढाँचा बमोजिमको सम्पत्ति विवरण फाराम भरी खाम बाहिर देहायको विवरण उल्लेख गरी सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखानामा र करारमा कार्यरत समेत कर्मचारीहरुले यस विभागमा दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आ.व. २०७९/८० को सम्पत्ति विवरण**

| | |
|---|---|
| क) कर्मचारीको संकेत नम्बर : | ङ) श्रेणी/तह : |
| ख) नाम, थर : | च) कार्यरत कार्यालय : |
| ग) पद/दर्जा : | छ) मोबाइल नं : |
| घ) सेवा/समूह : | ज) ई-मेल ठेगाना : |

***पुनश्च :*** *सेवा करारमा कार्यरत कर्मचारीहरुको सम्पत्ति विवरण सम्बन्धित कार्यालयको पत्र* ***(Covering Letter)*** *साथ हुलाक वा अन्य माध्यम मार्फत तोकिएको अवधि भित्र यस विभागमा प्राप्त भएपछि विभागको दर्ता चलानीमा दर्ता गराई सम्पत्ति विवरण प्रविष्ट गरी अभिलेख राखिनेछ तर तोकिएको ६० दिन पछि प्राप्त हुन आएमा, तोकिएको अवधि भित्र नआएको सरह मानी अभिलेख राखिने छैन ।*